# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



धर्मकीर्ति विहारको विस्तारित भवन समुद्घाटन कार्यक्रममा
पञ्चशील प्रार्थना गराउनु हुँदै भिक्षुणी धम्मवती गुरुमां

वर्षः ३९, अङ्कः १२

बु.सं. २५६५, फागु पुन्हि

# धर्मकीर्ति विहार विस्तारित भवन उद्‌घाटन कार्यक्रमको केही झलकहरू – २०७८ फागुण २१ गते, शनिवार





साधुवाद पत्र ग्रहण गर्नुहुँदै मेयरज्यू


साधुवाद पत्र ग्रहण गर्नुहुँदै उपमेयरज्यू


चैत्य उपहार ग्रहण गर्नुहुँदै मेयरज्यू



शिलापत्र उद्‌घाटन गर्नुहुँदै मेयरज्यू

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६५
नेपाल सम्बत् ११४२
इस्वी सम्बत् २०२२
बिक्रम सम्बत् २०७८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**18th MARCH 2022**

| वर्ष- ३९ | अङ्क- १२ | फागु पुन्हि | चैत्र २०७८ |
|---|---|---|---|





**अट्ठिनं नगरं कतं मंस लोहित लेपनं**
**यत्थ जरा च मच्चू च मानो मक्खो च ओहितो**

**क्वँय्‌यागु नगर दय्‌का तल, ला हिं लेपन यानातल, गुगु थासे मृत्यु, अभिमान, कपट आदि सुलाच्वन ।**

**हाडको नगर बनाएर राखिएको र मासु र रगतको लेप लगाइएको गढी जस्तो यस शरीरका बिभिन्न भागमा बुढ्याई, मृत्यु, अभिमान कपट आदि लुकेर बसेका छन् ।**

**In this fortress made of bone and covered with flesh and blood, only pride and jealousy, dissolution and death are established.**

## ▪ सम्पादकीय ▪

# आफ्नो भाग्य आफै कोरौं

यस संसारमा विभिन्न प्रकारका मानिसहरू पाइन्छन् । कोही मूर्ख अज्ञानी, कोही ज्ञानी । कोही सुन्दर त कोही कुरुप । कोही असल स्वभावका भए कोही खराब स्वभावका । कोही धनी कोही गरीव । कोही रोगी कोही निरोगी । कोही सुखी, कोही दुःखी आदि आदि । यसरी मानिसहरूमा भिन्नता देखिरहनुका प्रमुख कारण नै आ-आफ्ना कर्म क्षेत्रमा आफूले रोप्दै आएका काम कुरा रूपी बीऊको भिन्नता । यसमा प्रमुख भूमिका निभाइरहेका हुन्छन्, आ-आफ्ना चित्त एवं चेतनाको स्वभावले । असल चित्तले युक्त चेतना अगाडि सार्दै रोपेको कामकुराको बीऊ र खराब चेतनाले रोपेको कामकुराको बीऊको फल आकास र पातालको फरक भइरहेका हुन्छन् । त्यसैले भगवान् बुद्धले भन्नुहुन्छ– “**चेतनाहं भिक्खवे कम्मं वदामि**” हाम्रो कर्मफल आ-आफ्नो नियत अनुसार प्राप्त भइरहेको हुन्छ । कसैले कसैलाई दोष, आरोप प्रत्यारोप गरिरहन पर्दैन ।

राम्रो चित्तले आफ्नो र अरूको भलो चिताई काम गर्दा कुरा गर्दा आफ्नै लागि असल फल प्राप्त हुने बीऊ रोपिरहेको हुन्छ । त्यसलाई भनिन्छ पुण्य रूपी बीऊ । तर आफ्नो नीजि स्वार्थको लागि अरूको अहित भएपनि परवाह नगरी काम गर्छ र कुरा गर्छ भने त्यसलाई भनिन्छ पाप रूपी दूषित बीऊ । यस्तो चेतनाले गरिएको कामको फल भने राम्रो हुँदैन । दुर्भाग्यपूर्ण फल आउने हुन्छ ।

त्यसैले भगवान् बुद्धले भन्नुभएको छ– “**यादिसं वपेत बीजं तादिसं हरते फलं कल्याणकारी कल्याणं पापकारीच पापकं**” अर्थात्– “जस्तो नियतले काम कुरा गर्छ, त्यस्तै फल प्राप्त हुन्छ । राम्रो नियतले काम गर राम्रै फल आउँछ । खराब नियतले काम गर, खराव फल नै प्राप्त हुन्छ ।”

त्यसैले हामीले आफूलाई सुखी र भाग्यमानी बनाउनको लागि आफूले गरेका काम कुरो कतिसम्म ठीक छ र बेठीक छ भन्ने विषयमा आफूले आफैलाई जाँचिरहने गर्नुपर्दो रहेछ । आफ्नो गलतीलाई आफैंले महशूस गर्न सक्नु पर्दोरहेछ । अनिमात्र हामीले आफूलाई सुधार्न सक्षम हुने रहेछ ।

त्यसैले भगवान् बुद्धले भन्नुभएको छ– “मैले कसैलाई पनि दुःखबाट मुक्ति दिलाउने जिम्मा लिन सक्दिन । मैले त सबैलाई ठीक बाटो अर्थात् दुःखबाट मुक्त हुने मार्गको मार्ग दर्शन मात्र गर्न सक्छु । उक्त बाटोमा लाग्ने नलाग्ने जिम्मेवारी आ-आफ्नो नै हुनेछ । त्यसैले म मुक्तिदाता कदापि होइन ।”

भगवान् बुद्धका कतिपय शिष्यहरू भगवान् बुद्धले देखाउनु भएको मुक्तिमार्गलाई पछ्याउँदै आ-आफ्नो आचरण सुधार्दै, खराब आचरणहरूलाई त्याग्दै दुःखबाट मुक्त हुन सफल भएका थिए । तर ती मध्ये कोही शिष्यहरू त उहाँले सिकाउनु भएको शिक्षालाई आचरणमा प्रयोग नगरी निन्दनीय कार्यहरू गर्दै पतन भएका पनि रहेछन् ।

त्यसैले भगवान् बुद्धले भन्नुभएको छ– “**शुद्धि अशुद्धि पच्चत्तं, नाञ्ञमञ्ञं विसोधये**” अर्थात्– “शुद्ध हुनु र अशुद्ध हुनु मानिसहरूको आ-आफ्नै हातको कुरो हो । कसैले कसैलाई शुद्ध बनाउने जिम्मा लिन सक्दैन ।”

गुरुहरूले त असल बाटो देखाइदिने काम मात्र गर्न सक्छ । हात समातेर नै डोऱ्याइरहन सक्दैन । उदाहरणको लागि अध्यापन कार्यमा लागेका गुरुहरूले पनि आ-आफ्ना विद्यार्थीहरूलाई असल शिक्षा सिकाई असल नागरिक बन्ने शिक्षा सिकाउनु गुरुहरूको कर्त्तव्य हुनेछ । त्यस शिक्षा सिकेर असल नागरिक बन्ने कार्य गर्नु त प्रत्येक विद्यार्थीको कर्त्तव्य हुनेछ ।

भगवान् बुद्धले भौतिक सुखको साथसाथै आध्यात्मिक सुखको लागि पनि विभिन्न शिक्षाहरू सिकाउनु भएको छ । उक्त शिक्षा सिक्नको लागि आजभोली विभिन्न माध्यमहरूबाट सिक्ने मौका मिलिराखेको छ । ती मध्ये हामीलाई महत्वपूर्ण सुख नै आध्यात्मिक सुख हो । यसको लागि भगवान् बुद्धले दान, शील र ध्यानको अभ्यास गर्ने सल्लाह दिनु भएको छ । हामी सबैले उक्त शिक्षाको अभ्यास गरी भाग्यमानी बन्नु हाम्रो कर्त्तव्य हुनेछ । यसरी हामीले आफ्नो भाग्य आफैं कोरौं ।

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - आफ्नो भाग्य आफै कोरौं | – | २ |
| ३) | सम्यक दर्शन भनेको के हो | – सत्यनारायण गोयन्का | ३ |
| ४) | वेस्सन्तर जातक–२ | – वीर्यवती गुरुमां | ७ |
| ५) | महापरित्राण पाठ न्यने दयाः लय्ताःगु मन | – मनोरमा तुलाधर | ८ |
| ६) | लसकुस न्वचू | – प्रफुल्ल कमल ताम्राकार | ९ |
| ७) | धर्मकीर्ति विहार बिस्तारित भवन निर्माण उपभोक्ता समितिया प्रतिवेदन (बिस्तारित भवन उद्घाटनया ल्वहंपौ उले ज्याझ्वःस न्ह्यब्वःगु) | – अरुण सिद्धि तुलाधर | १२ |

# सम्यक दर्शन भनेको के हो



✍ **सत्यनारायण गोयन्का**

प्राचीन भारतको आर्यधर्ममा शील, समाधि र प्रज्ञा गरी तीन विभाग थिए । शील पालन गर्नु बडो कल्याणकारी छ, मंगलकारी छ । शीलवान् व्यक्तिले स्वयं आफूलाई दुःख दिंदैन, पीडा दिंदैन । स्वयं आफू पनि सुखपूर्वक जीवन यापन गर्दछ र अरूलाई पनि सुख पूर्वक जीवन जिउनमा मद्दत गर्दछ । अरूलाई दुःख नदिनु राम्रो कुरा हो असल कुरा हो । यस्तो आचरण धर्मको जग हो । परन्तु कसैले यदि शील पालन गरेर नै संसारका सारा दुःखबाट मुक्त हुन्छु, सारा विकारबाट विमुक्त हुन्छु, भव मुक्त हुन्छु भनेर सोच्यो भने त्यो गलत हुन जान्छ । यस्तो कहिल्यै हुँदैन । भित्रको विकार जस्ताको त्यस्तै बाँकी रहन्छ त्यो पखालिँदैन, निक्लिँदैन । शील पालन गर्नु राम्रो हो किनभने यस पछिको पाईला हामी सम्यक समाधिमा टेक्दैछौं । यसबाट सम्यक समाधिमा बल पुग्दछ ।

सम्यक समाधि भयो भने चित्त एकाग्र पनि हुन्छ, चित्त सफा पनि हुँदै जान्छ । चित्तको माथिल्लो तह सफा हुँदै हुँदै एक छेऊको अन्तिम तहसम्म सफा हुन थाल्छ । जस्तो प्राचीन समयमा भारतमा आठ प्रकारका ध्यान गर्ने पद्धतिहरू थिए । प्रथम ध्यानमा यति सफा हुन्छ, द्वितीय ध्यानमा यति सफा हुन्छ भन्ने थियो र आठौं ध्यानसम्म पुग्दा त मन बिलकुल सफा हुन्थ्यो, स्वच्छ हुन्थ्यो । सम्यक सम्बुद्ध हुनु अघि सिद्धार्थ गौतमले तत्कालिन विशिष्ट आचार्यहरू कहाँ गएर सातौं र आठौं ध्यान सिके । चित्त एकदम निर्मल पनि भयो तर मनको गहिराईसम्म सफा भएको थिएन, मनमा फोहरभने बाँकी नै थियो । अनेक जन्म देखि सञ्चय भएका विकारहरूका जरा भने उखेलिएका थिएनन् । त्यो ननिक्लिकन भने कोही पनि व्यक्ति मुक्त हुन सक्दैनथ्यो । त्यसलै उहाँले खोज्दा खोज्दै यो विपश्यना विद्या निकाल्नु भयो । प्रज्ञा जाग्यो, प्रज्ञा भयो भने मात्र विकारको जरासम्म उखेलिन्छ । बिना प्रज्ञा यदि कसलै म मरो मनलाई नितान्त निर्मल गर्छु भन्यो भने यस्तो त हुन सक्दैन । शील दृढ हुनुपर्छ, पोष्ट हुनु पर्छ, सम्यक हुनुपर्छ, शुद्ध हुनुपर्छ तब मात्रै समाधि सम्यक हुन सक्छ, शुद्ध हुन सक्छ, बलवान हुन सक्छ । तब हामी देख्दछौं कि प्रज्ञा विस्तारै जाग्न थाल्छ ।

आर्य अष्टाङ्गिक मार्गका तीन अङ्ग शील अन्तरगत पर्दछन्, तीन अङ्ग समाधि अन्तरगत पर्दछन् । बाँकी रहेका दुई अङ्ग प्रज्ञा अन्तरगत आउँछ सम्मा सङ्कप्पो र सम्मा दिट्ठि । सङ्कप्पो अर्थात् संकल्प-विकल्प । मनमा अनेक किसिमका तर्क वितर्क त अहिले पनि चलिरहेको छ । शुरुमा नै चित्त विल्कुल शान्त, कल्पना विहीन हुनु पर्छ, विचार शुन्य हुनुपर्छ त्यस पछि मात्र प्रज्ञा उत्पन्न हुन्छ भन्ने छैन । अहिले पनि विचार चलिरहेछ तर विचारमा परिवर्तन आउन थाल्छ । राम्रा राम्रा विचारहरू आउन थाल्छन् ।

नयाँ साधक कहीं तपोभूमिमा गएर ध्यान गर्न गयो भने के हुन्छ ? मनमा अनेक प्रकारका कुरा आउन थाल्छन्, एकदम दूषित विचारहरू आउन थाल्छन् । विकारले भरिएका विचारहरू आउन थाल्छन् किनभने त्यस्ता संस्कार नै पहिलादेखि संग्रह गर्दै आएको थियो । कसैले क्रोध नै क्रोधको विकार जम्मा गरेको हुन्छ । अब त मनको अपरेशन गर्ने काम शुरु गरेका छौं । पाकेको खटिरामा अपरेसन गर्‍यौं भने त्यसबाट पीप नै निक्लिन्छ नी । अपरेशन गर्दा त शुरुमा खटिरामा जमिएको फोहर, दुर्गन्ध आदि निस्किन्छ, माथिल्लो सतहमा रहेका मैला पहिला आउँछ । मनमा धेरै क्रोध छ भने, सोचाईमा, विचारमा क्रोध नै क्रोध हुन्छ, हिंसा-प्रतिहिंसा गर्ने भावना मनमा आउँछ, बदला लिने भावना मनमा भरेका हुन्छन् । उसले यस्तो गरेको, उसले यस्तो भनेको । उसंग यस्तो बदला लिन्छु, उसलाई यस्तो गर्छु । यस्तै यस्तै मात्र विचार मनमा निरन्तर रूपमा आईरहन्छ ।

कसैको मनमा डर छ, भय छ भने मनको अपरेशन शुरु हुन थालेपछि, यसबाट डर-त्यसबाट डर आउन थाल्छ । त्यस्तै कसैमा काम-वासनाको संस्कार अधिक छ भने काम गर्न थाल्ने बित्तिकै वासना जाग्न थाल्छ । यी विकारहरू जुन गहिरा छन्, ठू-ठूला छन् ति विकारहरू मनको माथिल्लो तहमा उभ्रेर आउन थाल्छन् । तब चिन्तन, सोचाई, विचार पनि त्यस्तै प्रकारको आउन थाल्छन् । एक दिन, दुई दिन, तीन दिन बित्दा त मनमा आउने विचारमा पनि फरक हुन थाल्छन्, सोचाईमा परिवर्तन आउन थाल्छन् । पहिला आएका जुन दूषित विचार थिए, विकार पूर्ण विचारहरू थिए ती विकारहरू आउनै पर्छ । विकार उभ्रेर माथिल्लो तहमा आउँदैछ, हामी आफ्नो काम गर्दैछौं, स्वासलाई निरन्तर रुपमा हेरिरहेका छौं । विचार आउँदैछ हामी आफ्नो काम गरिरहेका छौं, स्वासलाई हेरिरहेका छौं ।

तब बिस्तारै बिस्तारै विकारका तहहरू उप्किन थाल्छन्, मनमा संकल्प-विकल्प अहिले पनि आईरहेकै छन् तर विचार धर्म सम्बन्धी आउन थाल्छन्, हिंसा-प्रतिहिंसाका विचारहरू होईनन्, बासनाका विचारहरू होईनन् । अब त धर्म यस्तो हुन्छ, यस्तो मार्गमा अगाडि बढ्दै छु । यो असल मार्ग हो । यस्तै चिन्तन मनमा आइरहन्छ । चिन्तन त मनमा आउँछ नै । कहिले काहीं विकार पनि जाग्दछ तर त्यति गहिरो होईन । जस्तो सूर्य उदय भइरहेछ र सूर्यलाई एकदम घना कालो बादलले ढाकिरहेछ भने अँध्यारो नै हुन्छ । बादल बिस्तारै हट्दै गयो, घना बादल हट्दै गयो र सेतो पातलो बादल छाईरहेको छ भने बादल भए पनि उज्यालो आउन थाल्छ, धमिलो घाम लाग्न थाल्छ । यसरी नै जहाँ संकल्प सम्यक हुन थाल्छ तब प्रज्ञा तर्फ बढ्दै जान्छ । त्यसैले प्रज्ञा जाग्ने बित्तिकै पहिला हाम्रो विचार शुद्ध हुन थाल्छ ।

त्यसपछि अर्को टेकाई सम्मा दिट्ठि अर्थात् सम्यक दर्शन हो । यो शब्दले निक्कै शंका उब्जाउँछ । दर्शन शब्द स्वतः अधिक शंकास्पद शब्द हो । आजकल त यस शब्दले भ्रम उब्जाएको छ, आजभन्दा पच्चीस-छब्बीस सय वर्ष अगाडि पनि यो शब्दले निक्कै भ्रम पैदा गरेको थियो । त्यस समयमा प्रचलित भाषा त एकदम समृद्ध भाषा थियो, त्यसमा पनि विशेषगरी अध्यात्म क्षेत्रमा बोलिने भाषा त अति नै समृद्ध थियो । तर भाषा जतिसुकै समृद्ध भएतापनि त्यसको निश्चित सीमा छ । कुनै कुनै अवस्थामा भाषा निक्कै कंगाल हुन्छ र शब्द नै पाउँदैन, यस्तो अवस्थामा एउटै शब्दलाई धेरै अर्थमा प्रयोग गरिन्छ । एउटै शब्दको धेरै अर्थ हुन्छन् ।

त्यस समयमा भारतमा पनि दर्शन शब्दको अर्थ अनेक थियो, हुनत आज पनि धेरै छन् । दर्शनको अर्थ मध्ये एउटा प्रचलित अर्थ हेर्नु हो । आँखा खोलेर हेर्नु कुनै रूप, कुनै रंग, कुनै प्रकाश हेर्नुलाई नै दर्शन भनिन्छ । यस हेराईसंग सम्यक दर्शन गर्नुको अलिकति पनि सम्बन्ध छैन । यहाँ अलमलिनु नै पर्दैन । यो रुप, रंग, आकृतिको दर्शन जस्तो दर्शन होईन । त्यस्तो हेराई होईन ।

एउटा अर्को शब्द ध्यान, यो शब्द ध्यान गर्ने क्षेत्रमा बढी प्रयोगमा ल्याईन्छ, अध्यात्मको क्षेत्रमा बढी प्रयोग गरिन्छ । ध्यानको अर्थ अनेक प्रकारका छन् । प्राचीन भारतमा पनि यस्तै प्रचलन थियो । आजकल पनि छ । कल्पना गरेर पनि ध्यान गरिन्छ । आँखा बन्द गरेर कुनै देवी, देवता, ईश्वर, ब्रह्मा, अल्लाह, बुद्ध, महावीर अथवा आ-आफ्ना गुरु वा सन्तको आकृति-मूर्ति आदिको ध्यान गरिन्छ । त्यसै मूर्तिमा मन लगाएर ध्यान गरिन्छ । उसले शायद त्यो आकृति कहिल्यै पनि नदेखेको हुन सक्छ, त्यो रुप कहिल्यै पनि नदेखेको हुनसक्छ । कुनै चित्रकारले आफ्नो कल्पना शक्तिद्वारा कुनै कागजमा चित्र बनाएको, कुनै मूर्तिकारले कल्पना गरेर बनाएको मूर्ति नै उस्को ध्यानको आधार हुन जान्छ । अथवा कोही साहित्यकारले आफ्ना शब्द चित्रद्वारा कोरिएको कुनै रचना जुन पाठकले पढ्दा पढ्दै एउटा काल्पनिक चित्र बनाउँदछ र त्यसको ध्यान गर्दछ । यसरी कल्पनाको ध्यान गर्दछ । यसरी नै कुनै प्रकारको छाप मनमा पर्दछ यस्तो-यस्तो हो । मेरो ईश्वरको रुप यस्तो हुन्छ । ब्रह्माको रूप यस्तो हुन्छ, आत्मा यस्तो हुन्छ, त्यस्को रूप यस्तो छ आदि आदि । ती रंग रूपहरूको ध्यान गर्न थाल्छन् । ती आत्माका रूप देखिन थाल्छन् । यी कुराहरू म आफ्नो अनुभवद्वारा पनि जान्दछु र विपश्यना शिविरमा आउने धेरै साधकहरूले साधना गर्दै जाँदा आफ्नो अनुभव सुनाउँदछन् । त्यसलाई पनि स्वीकार गर्दछु । यी वाहिरी प्रक्षेपण हुन् । धर्मलाई राम्ररी बुझेको छैन भने साधक यस्तो दर्शनले बडो प्रसन्न हुन्छन् कि ओहो ! मलाई मेरो देवीको दर्शन भयो । देवताको दर्शन भयो, मेरो ईश्वरले दर्शन दियो, मेरो आत्माको दर्शन भयो आदि-आदि । म त भन्छु यस्तो हुनु राम्रो हो तर आफ्नो शरीरको सत्य के हो त्यसको बारेमा पनि थाहापाउनु पर्छ । आफ्नो चित्तको सत्यको बारेमा पनि थाहा पाउनु पर्छ । आफू भित्र उत्पन्न हुने विकार कहाँबाट उत्पन्न हुन्छ, कहाँबाट शुरु हुन्छ त्यसबारे पनि थाहापाउनु पर्छ । त्यसको सम्बर्धन कसरी हुँदैछ र त्यसको निष्कासन कसरी हुँदैछ थाहापाउनु पर्छ । यो मतलबको कुरो हो । तर यो रूपको दर्शन हुनु, आकृतिको दर्शन हुनु, प्रकाश देख्नु आदि सम्यक दर्शन संग कुनै मतलब छैन । यस्तो भ्रममा नपरोस् ।

दर्शनको एउटा अर्को अर्थ फिलोसोफी हो जसले अधिक भ्रम पैदा गर्छ, भ्रांति पैदा गर्छ । तत्कालिन समाजमा र आजकल पनि दर्शनको अर्थ फिलोसोफी नै मानिन्छ । कुनै दार्शनिक मान्यता - यो हाम्रो परम्पराको यस्तो फिलोसोफि, तिम्रो परम्पराको यस्तो फिलोसोफिकल मान्यता, आआफ्नो मान्यता अनुसार ध्यान गर्छन् । जुन सम्प्रदायले जुन फिलोसोफी अथवा परम्परा मानिरहेको छ, त्यस सम्प्रदायमा त्यस परम्परामा जन्मिएको ब्यक्ति त्यस समाजमा त्यस परिवारमा हुर्केको ब्यक्तिले त्यही सुनेको हुन्छ कि हाम्रो फिलोसोफी सत्य छ, हाम्रो दार्शनिक मान्यता सत्य छ । तब अन्य सारा मान्यता झूठो लाग्छ । किनकी उसको दिमागमा यति ठूलो पर्दा लगाइरहेको हुन्छ । केटाकेटी देखि नै पर्दा लगाउँदा लगाउँदा यति मोटो तह बनिसकेको हुन्छ कि यस्तो गहिरो विश्वास भइसकेको हुन्छ कि यही ठीक हो, बाँकी सबै गलत हो । हाम्रो दार्शनकि मान्यता नै सम्यक हो । अरुको दार्शनिक मान्यता मिथ्या हो, नरकमा लाने मार्ग हो । हाम्रो मार्ग मुक्ति दिलाउने मार्ग हो । विभिन्न परम्पराको भिन्न भिन्न दार्शनिक मान्यता । त कुन चाहिं मान्यतालाई सत्य भन्ने, सम्यक भन्ने ? कुन चाहीं मिथ्या भन्ने ? यसलाई लिएर जुन लडाई, झगडा, वाद-विवाद, तर्क-वितर्क भइरहेछ भने धर्म

चाहीं कहाँ गयो ? यसले त ठूलो भ्रम उब्जाएको छ। दर्शन शब्दको यो अर्थले ठूलो भ्रांति उब्जाएको छ। कहिले काहीं त यस्तो लाग्छ कि दर्शन शब्दको यो अर्थ धर्मको विरोधी शब्द हो। वास्तवमा यी दुई बीच कुनै सम्बन्ध छैन, कुनै तालमेल छैन। त सम्यक दर्शन भनेको के हो त ?

दर्शन शब्दको एउटा अर्को अर्थ प्राचीन भारतको अध्यात्म जगतमा खुब प्रचलित थियो। त्यस अर्थलाई अब बिस्तारै बिर्सदै गयो। त्यस समयमा दर्शनको एउटा अर्थ थियो अनुभव गर्नु। कुनै पनि सत्यलाई आफ्नो अनुभवले थाहा पाउनु साक्षात्कार गर्नु आफूले अनुभव गर्नु, त्यही नै दर्शन भयो। सत्य त एउटै हुन्छ। कसैले अनुभव गऱ्यो भने त्यो उसको लागि दर्शन भयो। त्यो दर्शन उसले गऱ्यो भने त्यो उसको लागि दर्शन भयो। त्यो दर्शन उसले गऱ्यो। मैले अनुभव गरें भने त्यो मेरो लागि दर्शन भयो। स्वयं मेरो अनुभवले गरेको सत्यको दर्शन। यसलाई आजकलको भाषामा हेर्नु भनियो। त्यस समयमा दर्शन भनिन्थ्यो, पश्यना पनि भनिन्थ्यो। यो शब्दको अर्थ 'हेर' भनेर कहिले काहीं आजकल पनि प्रयोग गरिन्छ जस्तो अरे ! खाएर त हेर। त खाएर के हेर्ने ? त्यसको रंग हेर्ने कि, रूप हेर्ने ? रसवरी खाँदा गुलियो छ, मीठो छ। त्यसको रंग रूपलाई के हेर्नु। खाएर स्वयंले अनुभव गर्ने अर्थमा शब्दको प्रयोग भइरहेछ। त्यस्तै पिएर हेर, सुनेर हेर, चाखेर त हेर। त पिएर के हेर्ने, सुनेर के हेर्ने ? पिएर स्वादको स्वयंले अनुभव गर। संगीत सुनेर स्वयंले अनुभव गर। कुनै आकृति यो मनोरम दृश्य हेरेर अनुभव गर। केवल त्यसको आकृति तथा रूप हेर्नु मात्र होईन। कस्तो सुगन्धित हेर ? मतलब गन्ध अनुभव गरेर हेर। यो त सही अर्थ भयो। यो त कति कल्याणकारी अर्थ भयो। साधनाको क्षेत्रमा पनि यो अर्थ यस्तै प्रकारले प्रयोग गरिन्छ, स्वयं आफूले अनुभव गर्नु। कुनै रूप, आकृति, रंग, प्रकाश आदिको दर्शन गर्नु होईन।

जुन सत्य मैले अनुभव गरें त्यो मेरो लागि सम्यक दर्शन हो, त्यस सत्यबाट जुन ज्ञान प्राप्त हुन्छ त्यही सम्यक ज्ञान हो। कसैबाट सुनेको वा पोको पारी दिएको ज्ञान ज्ञान होईन, आफ्नो अनुभवद्वारा प्राप्त ज्ञान नै ज्ञान हो। जुन अनुभवद्वारा सिद्धार्थ गौतमले ज्ञान प्राप्त गऱ्यो, जुन बोधि उहाँ भित्र जाग्यो त्यसबाट केवल एकजना व्यक्ति मुक्त भयो, अरु हुन सक्दैन। त्यो व्यक्ति सिद्धार्थ गौतम, केवल उही मात्र मुक्त भयो। जो जो व्यक्ति मुक्त भए ती सबै आ-आफ्नो अनुभवद्वारा सत्यको दर्शन गरेर नै मुक्त भए। किताब पढेर, ग्रन्थ पढेर कोही व्यक्ति मुक्त हुन सक्दैन। कोही व्यक्ति बुद्ध हुन सक्दैन। कोही व्यक्ति अरहन्त बन्न सक्दैन। कोही स्थित प्रज्ञ बन्न सक्दैन, कोही व्यक्ति अनासक्त बन्न सक्दैन। कोही वीतराग, वीतद्वेष, बीतमोह बन्न सक्दैन। अनुभव द्वारा सत्यलाई थाहापायो भने मात्रै प्रज्ञा जाग्न थाल्छ, कल्याणको मार्ग खुल्न थाल्छ। यो पनि तब मात्र सम्भव हुन्छ जब कि बाँकी सारा काम पनि अनुभूति द्वारा जान्छ।

शील-सदाचारलाई वर्णन गरेर मात्र रह्यो, शील यस्तो छ सदाचार यस्तो छ, केवल त्यसको उपदेश गरेर मात्र रहीरह्यो, यस्तो शीलको पालना गर्नु पर्छ, यस्तो सदाचारको पालन गर्नु पर्छ भनेर त्यसलाई स्वीकार मात्र गरेर बस्यो, पालन गरेन भने दर्शन कसरी हुन्छ। शील सदाचारको अनुभव आफ्नो जीवनमा नभए कल्याण कसरी हुन्छ। यो सम्यक दर्शन भएन। समाधि यस्तो छ-यस्तो छ, चित्तलाई यसरी एकाग्र गर्नुपर्छ, अवश्य गर्नु पर्छ, गर्नु पर्छ यो धेरै राम्रो कुरा हो। अधिक कल्याणपूर्ण कुरा हो। तर गरेन, अनुभवद्वारा जानेन भने त्यो सम्यक भएन। त्यसैले अनुभवले जान्नु पर्छ।

यसरी शीलसदाचार आफ्नो अनुभवद्वारा थाहापाइरहेछ, समाधिको अभ्यास गरिरहेछ भने प्रज्ञालाई अनुभव गर्न लायक भयो। आफ्नो अनुभवको बल द्वारा, स्वानुभूतिद्वारा ज्ञान जागिरहेछ। भारतको प्राचीन भाषामा यसै ज्ञानलाई प्रज्ञा भनिन्थ्यो। प्रज्ञा शब्दको शाब्दिक अर्थ प्रत्यक्ष ज्ञान हो अरुले गरेको ज्ञान होईन स्वयं आफूले अनुभव गरेको ज्ञान प्रत्यक्ष ज्ञान। जुन ज्ञान मेरो आफ्नो अनुभवले प्राप्त भएको छ त्यो मेरो आफ्नो ज्ञान हो। अरु व्यक्तिले प्राप्त गरेको ज्ञान मेरोलागि प्रेरणा बन्न सक्छ, बलदायक हुन सक्छ, मार्गदर्शन हुन सक्छ तर ज्ञान त स्वयं आफू भित्र जाग्नु पर्छ। आफ्नो ज्ञान जति जति जाग्यो त्यति त्यति नै दर्शन सम्यक हुँदै जान्छ। शरीर र प्रपंचलाई आफ्नो अनुभवले पूर्ण रूपमा थाहापायो, शरीर र चित्तको सारा क्षेत्रलाई आफ्नो अनुभव द्वारा थाहापायो भने विकार कहाँ उत्पन्न हुन्छ, कस्तो विकार उत्पन्न हुन्छ राम्ररी थाहा हुन्छ। विकारलाई कसरी रोक्ने, त्यसको सम्वर्धनलाई कसरी रोक्ने कहाँ निर रोक्ने र त्यसको निष्कासन कसरी गर्ने थाहा हुन्छ।

यसरी थाहा पाउँदा पाउँदै विकारबाट मुक्त हुँदै सारा क्षेत्रलाई हेर्दै-हर्दै आफ्नो चित्तलाई शुद्ध गर्दै त्यस अवस्था भन्दा परसम्म पुग्दछ जहाँ शरीर र चित्त भन्दा टाढाको सत्य परम सत्यको साक्षात्कार हुन्छ। शरीर र चित्तको सत्यको दर्शन अर्थात् शरीर र चित्तको सत्यको अनुभव यसैले नै गरिरहेका छौं कि यी दुई बीचको अधिक गहिरो सम्बन्ध छ। यस शरीरको प्रति 'म' 'मेरो' भावनाको गहिरो सम्बन्ध छ, गहिरो आसक्ति छ। सबै भन्न जान्छन् की यो शरीर नश्वर छ, भंगूर छ। अरे यस शरीरमा के छ ? यो त निःसार छ, तर यस प्रतिको आसक्ति कति गहिरो छ। त्यस्तै यस चित्तको क्षेत्रमा म मेरो को कति गहिरो सम्बन्ध स्थापित गऱ्यौं, कति गहिरो आसक्ति स्थापित गऱ्यौं। हजारौं पटक भन्छौं र बुद्धिद्वारा राम्ररी बुझ्छौं पनि कि यो मन नाशवान् छ, यसमा के रहेको छ र ? यो नश्वर छ, हामी

खूब बुझ्दछौं तर वास्तवमा जानेको होईन खाली कुरा मात्र गरिरहेछौं । अब प्रज्ञाको क्षेत्रमा नै थाहा पाउँदैछौं कि हेर यो कति नश्वर छ, नश्वरतालाई हेर्दा हेर्दा आसक्ति हराउँदै जान्छ, खत्तम हुँदै जान्छ । यसैको लागि नै अभ्यास गरिरहेका छौं ।

यस शरीर भित्र सारा विकार श्रृजना भइरहेछ । शरीर भित्र नै सारा आसक्ति उत्पन्न भइरहेछ, शरीर प्रति आसक्ति उत्पन्न भईरहेछ, चित्त प्रति आसक्ति उत्पन्न भइरहेछ । वास्तवमा यसबाट मुक्त हुनु छ । तर कसरी मुक्त हुने ? यसबाट टाढा भागेर यो छुट्ने वाला छैन यो आसक्तिसंग सामना गर्नुपर्छ । हेर, यो कस्तो काया हो यो नश्वर छ, यो परिवर्तन शील छ । यसमा मेरो भन्ने केही छैन तर पनि यस प्रति यति धेरै आसक्ति जाग्यो । यो आसक्ति बिस्तारै छुट्दै-छुट्दै निर्मल हुँदै जान्छ । यी सारा अनित्य क्षेत्रको दर्शन गर्दै गर्दै, अनित्य क्षेत्रको अनुभव गर्दै गर्दै, चित्त निर्मल हुँदै जान्छ, अनित्य क्षेत्र भन्दा परको अवस्था सम्म पुग्दछ । चित्त र शरीर भन्दा परको अवस्था सम्म पुग्दछ, सारा इन्द्रिय जगत भन्दा परको अवस्था, इन्द्रियातीत अवस्थाको अनुभव हुन्छ । जुन नित्य छ, ध्रुव छ, अपरिवर्तनशील छ । सारा काम हामी यसैको लागि नै गरिरहेका छौं । दर्शन कुनै रंग, रूपको होईन, त्यस अवस्थाको अनुभूति हुनुको हो । यो त मंगलको कुरा हो । शील पालन यसैले गर्नु पर्छ कि सम्यक समाधि होस् । सम्यक समाधि यसैले गर्छौं कि प्रज्ञा जागृत होस् प्रज्ञा द्वारा चित्त निर्मल गर्दै गर्दै सारा अनित्य क्षेत्रको आसक्ति खतम गर्दै नित्य शाश्वत ध्रुवको साक्षात्कार होस् ।

यसैमा नै मंगल छ । जो व्यक्ति यस मुक्तिको मार्गमा बढ्छ, विशुद्धिको मार्गमा हिँड्छ, दर्शनको मार्गमा हिँड्छ, उसको मंगल नै हुन्छ । कल्याण नै हुन्छ । स्वस्ति नै स्वस्ति, मुक्ति नै मुक्ति हुन्छ ।

कल्याण मित्र
- स.ना.गो.

*(साभार- 'विपश्यना' पत्रिका*
*बुद्ध वर्ष २५६५, २०७८ आश्विन, वर्ष ३८, अङ्क ६)*

## धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

*क्र.सं. ९१२*

**शरण लक्ष्मी कंसाकार**
पुतली सडक
रु. २,०००/-

*क्र.सं. ९१३*

**श्रद्धावती गुरुमां**
पाटन, ललितपुर
रु. २,०००/-

*क्र.सं. ९१४*

**नयनतारा तुलाधर**
कमलादी, काठमाडौं
रु. २,०००/-

*क्र.सं. ९१५*

**राम बहादुर**
त:ननी बचत तथा ऋण बचत संस्था
बालिफल, त:ननी
रु. २,०००/-

*क्र.सं. ९१६*

**प्रमिता बज्राचार्य**
क्वा:वहा:, काठमाडौं
रु. २,०००/-

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

१) **मोतीलाल शिल्पकार - रु. ५००/-**
२) **पूर्ण तारा शाक्य - रु. २,१००/-**

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०७८ साल | बुद्ध पूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | माघ २६ गते, बुधवार | शुभवती | शुभवती |
| २ | फागुण १ गते, आइतवार, संक्रान्ति | जवनवती | जवनवती |
| ३ | फागुण ४ गते, बुधवार, सि:पुन्हि | पञ्ञावती | धम्मवती |
| ४ | फागुण १२ गते, विहिवार, अष्टमी | त्यागवती | त्यागवती |
| ५ | फागुण १८ गते, औंशी | खेमावती | खेमावती |

# वेस्सन्तर जातक - २



✍ वीर्यवती गुरुमां



वोधिसत्व वेस्सन्तर राजकुमारले आफ्ना छोरा छोरी जुजक ब्राह्मणलाई दान दिइएको दृश्य

बाटोको दायाँबायाँ विभिन्न फलहरू फलिरहेको हुन्थ्यो । बनको रमणिय दृश्य हेर्दै छोराछोरीले खान मागेका रसीला फलहरू टिपेर दिँदै आफूहरूले पनि खाँदै युवराज वेस्सन्तर र मद्दीदेवी समय समयमा रुखका शीतल छहारीमा विश्राम गर्थे । यसरी दुःख सुखका कुरा गर्दै चार जवान सदस्यहरूका यी सुखी परिवार फलफूल खाँदै आफ्नो जीविका निर्वाह गरी गन्तव्य स्थानतिर पाइला सार्ने गर्थ्यो ।

जाँदा जाँदा उनीहरू वेस्सन्तरको मामा घर चेतराष्ट्रमा पुगियो । तर उनीहरू चेतराष्ट्रको नगर भित्र चाँहि पसेनन् । नगर बाहिर एक सत्तलमा विश्राम लिएर बसे । चेतराष्ट्रका कुनै महिलाहरू कारणबस आफ्नो काम धन्दा सकाएर आफ्नो नगर भित्र पस्न लाग्दा नगर बाहिरको एक सत्तलमा मद्दीदेवीलाई देख्ने वित्तिकै उनीहरूलाई शंका लागि सोधपुछ गर्दा वेस्सन्तर राजकुमारको सपरिवार भनेर थाहा पाए । अनि यो खवर चेतराष्ट्रभित्र पुगियो । त्सपछि चेतराष्का राजा सहित अन्य कर्मचारीहरू पनि आई वेस्सन्तर समक्ष यथार्थ कुरा बुझे । सबै कुरा बुझिसकेपछि चेतराष्ट्रका नरेशले वेस्सन्तरलाई वंक पर्वत नगई चेतराष्ट्रमा नै बसी राज्य चलाउन आग्रह गरे । तर राजकुमार वेस्सन्तरले यो कुरोलाई इन्कार गर्दै भने– "यदि मैले आफ्नो कर्त्तव्य पालन नगरी वंक पर्वतमा श्रमण धर्म पालन गरी बसेन भने यसको परिणाम नराम्रो हुनेछ । यसले भविष्यमा चेतराष्ट्र र जेतुत्तर राष्ट्र बिच अनाहक कलह श्रृजना भई परस्पर शत्रुता बढ्न सक्नेछ । आफूले दिइसकेको वचनलाई पूरा गरेर देखाउनु सबै सत्पुरुषहरूको कर्त्तव्य र धर्म हो ।"

बोधिसत्व वेस्सन्तरको यस्तो आदर्शले युक्त भावनालाई बुझी चेतराष्ट्रका मानिसहरूले बोधिसत्व वेस्सन्तर सहित परिवारलाई एकरात मात्र भएपनि भव्य रूपमा सत्कार गरे ।

भोलीपल्ट चेतराष्ट्रका ६० हजार जवान क्षत्रीय परिवारहरूले वेस्सन्तर सपरिवारलाई चेत राष्ट्र देखि १५ योजन मार्गसम्म पुऱ्याउन गए । त्यहाँबाट वंक पर्वतसम्म पुग्नको लागि बाँकी रहेको १५ योजनको मार्ग बारे वेस्सन्तर कुमारलाई राम्ररी निर्देशन दिई उहाँको प्रव्रजित जीवनको सफलताको कामना गरी उनीहरू चेतराष्ट्र फर्के । फर्किनु अगाडि उनीहरूले वेस्सन्तरको रक्षाको लागि जंगल बाहिर एक चलाक चेतपुत्रलाई वंकपर्वत देखि १५ योजन यता वसी पहरा दिइरहन आदेश दिई फर्के । ताकि दुष्टस्वभावका मानिसहरूले वंकपर्वतसम्म पनि पुगी वेस्सन्तर समक्ष दान लिन गई अनाहकमा दुःख नदेओस् भनी । *क्रमशः*

*साभार- 'दानपारमिता' - वीर्यवती*



# महापरित्राण पाठ न्यने दयाः लय्ताःगु मन

- मनोरमा तुलाधर

"परिसमन्ततो भयानि हरन्तिति परित्राण"

अर्थात् प्यंगु दिशां वय्फुगु भय उपद्रव चीका छ्वय् फुगु लागि तःधंगु ज्यावः परित्राण खः धयातःगु न्यनातयाथें भगवान् बुद्धया सत्य व मैत्री बल दुथ्यानाच्वंगु परित्राण पाठ न्यनेबले मन हे याउँस्य च्वं। "परित्राण पाठ" जक धाय्बले भचा चीहाकःगु पाठ व "महापरित्राण पाठ" धाय्बले तःहाकःगु पाठ धकाः सीकेमाःगु जुयाच्वन। भगवान् बुद्ध थें पवित्रम्ह व्यक्तिया सत्य व मैत्री बल दुगु थ्व परित्राण पाठ न्यनेबले झीसं थुकी गुलि श्रद्धापूर्वक विश्वास वल बल्लाकाः न्यने फै, उलि हे झीगु मनय् मनया शक्ति बृद्धि ज्वीगु जुयाच्वन। उकें म्हं मफइबले झीसं परित्राण पाठ श्रवण यानाः उकीया लिधंसा काय् फत धाःसा उगु मनोबल शक्तिं ल्वय्यात क्वत्यले फइगु शक्ति तकनं झीसं प्राप्त यानाकाय् फइगु जुयाच्वन। उकें म्हं मफइबले छखें खःकथं वासः यानाच्वंसां मेंखें पालिभाय् शुद्ध ब्वनेसःपिं छुंभचासां उकिया अर्थ थूपिं व्यक्तिपिनि पाखें परित्राण पाठ याकाः झीसं उगु पाठ श्रद्धा व विश्वास तयाः एकचित्तं न्यनें फुसाला अझ प्रभावकारी ज्वीगु व ल्वय् क्वलाके फुगु क्षमता झीके वृद्धि ज्वीगुयात झीसं लोमंके मज्यूगु नं जुयाच्वन।

उलिजक नं मखु परित्राण पाठ न्यनाः, परित्राण पाठ यानाः गुलिनं झीसं मनय् पवित्रगु शक्ति मुनेफै, उगु पुण्यरुपी शक्ति दिवंगत जुयाः परलोक वनेधुंकूपिनिगु लागि पुण्य इनेगु (पुण्यानुमोदन) ज्या यानाः इमित नं थ्व शक्ति बियाः उपकार याय् ज्यूगु जुयाच्वन। थुगु खँ न्यनाः झीसं थ्वीकेफु, परित्राण पाठ धयागु छुं तन्त्र मन्त्र अवश्य नं मखु, भगवान् बुद्धया सत्य व मैत्री बल दुगु आशीर्वाद खः। वसपोलया सत्यबल व मैत्रीवल दुगु पाठ न्यनेबले झीकेदुगु श्रद्धा बल व विश्वास बल थपय् यानाः बिचं वःगु पवित्रगु आशीर्वादयात झीगु मनं फयाकाय्गु खः।

परित्राण पाठ भन्ते गुरुमांपिनि पाखें बरोबर न्यनाच्वनागुयात लुमंकाः जिंनं थःपरिवारया दुजःपिं दिवंगत जुयादी धुंकूपिं मां, बाः, दाजुपिं, ततापिं, पीभतपिं सकसितनं थ्व अमूल्यगु प्रभावकारी शक्ति बियाः उपकार याय्गु इच्छा जुल। उकें दिवंगत बाः बुद्धि रत्न तुलाधर, (३५ दँ न्ह्यो दिवंगत जुयादीम्ह), मां न्हुच्छे माया तुलाधर, दाजुपिं धर्मसागर व अमृत सागर, ततापिं ज्ञानदेवी व लक्ष्मीतारा, पीभतपिं दानशोभा, केश लक्ष्मी व भिन्चा भौ अनिता तुलाधर आदि दिवंगत जुयाः मेगु लोकय् वनेधुंकूपिं परिवारपिनि पुण्य स्मृतिस वयकःपिनि सुगति व निर्वाण हेतुया कामना यानाः धम्मवती गुरुमांया नेतृत्वय् महापरित्राण याय्गु क्वःछिना। थ्व ज्या क्वःछीत सल्लाह व उजं काय्त जिपिं शासनधज धम्माचरिय अग्ग महागन्थवाचक पण्डित भिक्षुणी धम्मवती गुरुमांया थाय् वनागु खः।

जि मनोरमा तुलाधर जिमि मां बाःया दकले चीधिकःम्ह म्ह्याय्। जिमि मां बाःया प्यम्ह काय् म्ह्याय्पिं मध्ये तता ज्ञानदेवी, दाईपिं धर्मसागर व अमृत सागर स्वम्हं मन्त। जि छम्ह जक बाँकी दनि। प्यला न्ह्यो दाई धर्मसागर मदुबले निसें जि तसकं नुगः मछिन। मनय् अनेक तर्क वितर्क थाय् काल। मनयात चीत तसकं थाकुल। थुगु अवस्थाय् जि भिन्चापिं व म्ह्याय्चापिं जिगु लागी तःधंगु भरोसा जुयाबिल। जिगु लागि इपिं थःहे तता क्यहेँ थें जुयाबिल। छन्हु म्ह्याय्चा सुनीलां जितः धर्मकीर्ति विहारय् गुरुमांपिनि पाखें महापरित्राण पाठ याकेगु सल्लाह बिल। थ्व, खँ पुज्य धम्मवती गुरुमांयाथाय् प्रस्ताव तयाबले वसपोल गुरुमांनं सहर्ष अनुमती बिया बिज्यात। अले थुगु पुण्य ज्या बि.सं. २०७८ साल फागुण ९ गते याय्तु खँ क्वःजित। बाः मदुगु ३५ वर्ष दुगुलिं ३५ म्ह हे प्रव्रजित भिक्षुणी गुरुमांपिं निमन्त्रणा याय्गु कोछिनाः ब्वनापौ नं इना।

थुगु दिनय् गुरुमांपिं नाप महापरित्राण पाठ ब्वनाबले जिगु मनय् माँ बाःपिं नं न्ह्योने नापं हे च्वनाः पाठ ब्वनाच्वंथें हे अनुभव जुल। मन हलूका व आनन्द जुयाः हर्षया ख्वबि नं पिहाँवल।

निमन्त्रणा यानापिं गुरुमांपिं, ज्ञानमाला भजन खलः, छयेँजःपिं, थःथिति, पासापिं निमन्त्रणा स्वीकार यानाः झाःपिं सकसितं जिगु दुनुगलं निसें यक्को यक्को साधुवाद बियाच्वना।

साधु! साधु!! साधु!!!
भवतु सब्ब मङ्गलम्।

# लसकुस न्वचू

## धर्मकीर्ति विहार विस्तारित भवन ल्वहँ पौ उलेज्यास धर्मकीर्ति संरक्षण कोषया अध्यक्ष प्रफुल्ल कमल ताम्राकार पाखें ज्याङ्वले प्रस्तुत याना दीगु लसकुस न्वचू गथे खः अथेहे थन न्ह्य ब्वयागु जुल – सं.

*२०७८ फागुण २१ गते, शनिवार*

**"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"**

दकले न्हापां सम्यक सम्बुद्धयात सादर वन्दना, धर्मकीर्ति विहार प्रमुख, धर्मकीर्ति विहार संरक्षण कोषया अध्यक्ष शासनधज धम्माचरिय अग्गमहागन्थ वाचक पण्डित श्रद्धेय धम्मवती गुरुमांयात सादर वन्दना, धर्मकीर्ति विहारया सकल गुरुमांपिन्त वन्दना, शाखा विहारया गुरुमांपिन्त वन्दना, थन उपस्थित सकल गुरुमांपिन्त वन्दना ।

थुगु ज्याभ्वःया मू पाहाँ अतिकं हनेबहःम्ह काठमाडौं महानगर पालिकाया मेयर भाजु श्री विद्यासुन्दर शाक्यजु, वयकःया तिरी मयुजु सुचिता शाक्यजु, उप-मेयर मयुजु हरीप्रभा खड्गी श्रेष्ठजु, २५ वडाया वडा अध्यक्ष श्री नीलकाजी शाक्यजु, १७ वडाया वडा अध्यक्ष श्री नविन मानन्धरजु, १५ वडाया वडा अध्यक्ष श्री इश्वरमान डंगोल अथेहे काठमाडौं महानगर पालिकाया प्रशासकीय प्रमुखजु विभागिय प्रमुखजु, लोकनाथ पौडेलजु, राम थापाजु, सुरज शाक्यजु, अर्चना शाक्यजु, बुद्ध मानन्धरजु, नानीशोभा डंगोलजु ।

कार्यपालिका सदस्य तथा का.म.न.पा. २५ वडा सदस्य रमिता स्थापितजु, स्वकिय सचिव श्री राजेश्वरमान स्थापितजु, का.म.न.पा. २५ वडा सदस्यपिं- राजेश डंगोलजु, डार्विन श्रेष्ठजु अथेहे धर्मकीर्ति विहार संरक्षण कोषया पदाधिकारीपिं, धर्मकीर्ति विहारया इकाई, पत्रकार जुपिं, सञ्चारकर्मीजुपिं तथा श्रद्धालु दातापिं व उपासक उपासिकापिन्त जिगु मैत्रीपूर्ण अभिवादन व हनाबना तसे लसुकुस याना च्वना ।

जि आः ईयात सितिं मछोसे थुगु धर्मकीर्ति विहारया बःचा हाकःगु परिचय न्ह्यो ब्वोयत कुतः याय् ।

बि.सं. २०२२ सालय् स्थापना जूगु थुगु धर्मकीर्ति विहार नेपाया थेरवाद विहारत मध्ये येँया मुटुइ लाःगु छगू



**– प्रफुल्ल कमल ताम्राकार**
*अध्यक्ष, धर्मकीर्ति संरक्षण कोष*

विहार खः । धर्मकीर्ति विहार स्थापना जूगु खँल्हाय्बले दकले न्हापां थुगु विहारया संस्थापक भिक्षुणी धम्मवती गुरुमांया जीवनी छत्वाःचा उल्लेख याय्गु पाय्छी जुइथें ताय्का ।

धम्मवती गुरुमांया गृहस्थीया नां गणेश कुमारी, बौ हर्षमान शाक्य व मां हीरा थकुंया याकः म्ह्याय् खः । १४ वर्षया उमेरे बर्माय् बुद्ध शिक्षा अध्ययनया लागिं छैं नं बिस्यु वंगु खः । बि.सं. २००६ सालय् १५ दँया उमेरे कुशीनगरे प्रव्रजित जुया बिज्यागु जुल । बर्माय् १४ वर्ष तक्कया अध्ययन पूवंका 'शासनधज धम्माचरिय' थें जागु उच्च स्तरया उपाधि हासिल याय्त ताःलागु जुल । थुकिया अर्थ खः "बुद्ध शासनया ध्वाँय् ब्वय्क्यत सक्षम"

नेपालय् शुद्ध बुद्ध धर्म प्रचार प्रसार याय्गु दृढ संकल्प यानाः झिंप्यदँ तक्कया अध्ययन क्वचायका बि.सं. २०२० सालय् बर्मी नागरीक मां गुण गुरुमां पासा ब्वोनाः थःगु दे नेपाः लिहाँ बिज्यात । कलकत्ताय् रत्नमञ्जरी गुरुमां नं नापं लिहाँ बिज्यात । नेपालय् वसपोलपिन्त च्वनेगु थाय्या बन्दोबस्त मजूगुलिं न्हापां यलया हौगलय् धम्मवती गुरुमांया छैं निला तक्क च्वना बिज्यात । अनं लिपा येँया ज्याः बहालय् भाजुरत्न ज्ञानमानया छैं च्वनाः मस्तय्त आखः ब्वंकेगु बुद्ध धर्म स्यने कने थाय्गु ज्या जुल । गुँला लच्छी थाय् थासय् बुद्ध पूजा, धर्म देशना पाखें जन मानसय् तधंगु प्रभाव लाःगु जुल । धम्मवती गुरुमांया धर्म देशनाया लिच्वः कथं धर्म श्रवणयाः वैपिं येँ, यल, ख्वपः, भोटया उपासकोपासिकापिं झं झं बढेजुया वन । उकिं गुरुमांपिं च्वनेत व धार्मिक ज्याभ्वः न्ह्याकेत स्थायी रूपं हे च्वनेत छगू थाय्यागु अति आवश्यक जूगु महसूस जुल ।

जग्गा मालेगु ज्या शुरु जुयातुं च्वन । गुरुमांया

दाजु-किजापिनिला फयांफतले गुरुमांयात थःगु जन्मस्थान यलय् तयगु मनंतुना यलपट्टी जग्गा मालेगु कुतः जूगु खः तर भ्मीगु संस्कार भ्मीगु भाग्य बल्लागुलिं शहरया दथ्वी येँया नघःया श्रीघः लय रत्न बहादुर मालीयागु ६० फिट लम्बाई व ३१ फिट चौडाईया थुगु जग्गा चूलाः वल । दुःखगु खँ धम्मवती गुरुमां १४ वर्ष बर्माय् ब्वनेगु कोचायका नेपा लिहाँ बिज्याबले वसपोलया अबुजु दिवंगत जुयादी धुंकुगु जुयाच्वन । गुरुमांया बाःयागु बचं अनुसार वसपोलया दाजु किजा पिसं थ्व जग्गा न्यायत रु. ३०००/– बिया ग्वाहाली यागु जुल ।

थथे गुरुमांपिं बर्मा नेपा लिहाँ बिज्याना खुला लिपा जग्गा न्याय् फत । हानं विहार दय्केत धेवा मदुगुलिं खुला तक्क अथें च्वने माल । अबले गुरुमांपिंत येँया जनबहाःया तःखा छेँया उपासिका दानलक्ष्मी कंसाकारं थःगु छेँ तःगु जुल ।

अतिकं उत्साही स्वाभिमानी मनोबल बल्लाम्ह धम्मवती गुरुमां पाखेँ प्रभावित उपासकोपासिकापिं विहार दय्केत ग्वाहाली याय्त तत्पर जुयाच्वंगु भ्वलय् असंया लक्ष्मीप्रभा तुलाधर, जमःया केशरीलक्ष्मी कंसाकार (मणीहर्ष ज्योतिया श्रीमती) व दानलक्ष्मी कंसाकार पिनिगु विशेष ग्वाहालिं व उपासकोपासिका पाखेँ वःगु ग्वाहालिं ४२ फिट लम्बाई व २१ फिट चौडाईया छगू तल्लाया विहार निर्माण जुल । बि.सं. २०२२ साल बैशाख २६ गते धर्मकीर्ति विहारया नामं उद्घाटन जुल ।

उगु इलय् थन विहारे न्याम्ह गुरुमांपिं च्वना बिज्याइगु मां गुण गुरुमां, रत्न मञ्जरी गुरुमां, धम्मवती गुरुमां, चमेली गुरुमां व कमला गुरुमां ।

धर्मकीर्ति विहारय् धर्म श्रमणया लागि वैपिं व विभिन्न धार्मिक कार्यक्रम न्ह्याना च्वनीगु जुगुलिं उपासकोपासिकापिं न्हिथं न्हिथं बढे जुजुं वंगुलिं थ्व विहारला तसकं चिकू खनेदत ।

अथेजुया बि.सं. २०२४ सालं डिल्ली बजारया हेराकाजी राजकर्णिकार, बि.सं. २०२५ सालं नन्दलाल जोशी धम्मवती गुरुमांया मां हेराथकुं व किजा मोतिकाजी शाक्यपिनिगु सहयोगं छगू तल्ला थप्य् याय्गु ज्या जुल ।

अथेहे विहारे कोठा थप्य् यायेत, हल दय्केत हेराकाजी राजकर्णिकार, कुलिशरत्न तुलाधर, जुजुरत्न स्थापित अले बि.सं. २०३० सालं जनबहाया हेरादेवी कंसाकार, ज्याठाया ताराशोभा, बि.सं. २०३२ सालं ज्याठाया हर्षरत्न स्थापित व सानुरत्न स्थापित पिनिगु ग्वाहालि दुगु जुल ।

बि.सं. २०३४ सालय् धर्मकीर्ति विहारया भवन अभ्न तधं जुल । जमःया साहु मणिहर्ष ज्योति व केशरीलक्ष्मी कंसाकारया ग्वाहालिं ६०x३१ फिट या जग्गा सहित उत्तरपट्टीया भुईं तल्लाय् तधंक भुतू कोठा व मेगु छगू कोठा निर्माण जुल ।

बि.सं. २०४५ सालय् धम्मवती गुरुमांया परिवार पाखेँ वसपोलया मां हेराथकुँया पुण्यस्मृतिइ उत्तरपट्टी छगू कोठा निर्माण जुल । बि.सं. २०४८ सालय् उत्तर पट्टीया जग्गा दाता साहु मणिहर्ष ज्योति व केशरीलक्ष्मी कंसाकारया पाखेँ छगू तल्ला थप निर्माण जुल ।

धर्मकीर्ति विहार तःकू, तःजाः जुल तर बि.सं. २०२२ सालय् तयातःगु जग ३५ वर्ष लिपा जग बलाइ मखुत धैगु वाःचायकाः श्रद्धालु उपासक द्रब्यमान सिंह तुलाधर (भाइराजा साहु) बसुन्धरा साहुनी परिवारपाखेँ धर्मकीर्ति विहार भवन पूरा हे थुनाः न्हू कथं निर्माण याय्गु प्रस्ताव वः कथं थुगु विहारया शिलान्यास बि.सं. २०५७ साल पुष २२ गते सम्पन्न जुल । अले निदँ लिपा बि.सं. २०५९ साल मंसिर ७ गते भिक्षु महासंघ पाखेँ पवित्र महापरित्राण पाठ यानाः थुगु धर्मकीर्ति विहार भवन समुद्घाटन जुल ।

आ जिं धर्मकीर्ति विहारया उत्तरपट्टीया धर्मकीर्ति विहार विस्तारीत भवन निर्माणया बारे छकूचा खँ न्ह्योथनेगु कुतः याय् । थुगु धर्मकीर्ति विहारया उत्तरपट्टीया भाग गुगु साहु मणिहर्ष ज्योति कंसाकार पाखेँ जग्गा सहित बि.सं. २०३४ सालय् निर्माण जूगु खः । बि.सं. २०७२ सालय् तः भ्वखाचं थाय् थासय् स्यंगु व टेका तयाः ज्यूँत्यूँ चलय्याना च्वने माःगु जुल । थ्व भ्मन आः बांलाक दय्के दुसा ज्यू धैगु सकसिया मती वनाच्वन ।

बि.सं. २०७६ श्रावण २७ गते उत्तरपट्टी च्वंगु ५ आना जग्गा सहित निगू तल्लाया भवनया लालपूर्जा दिवंगत साहु मणिहर्ष ज्योति व दिवंगत केशरीलक्ष्मीया पुण्य स्मृतिइ वयकःया काय्भाजु पद्म ज्योति, रुप ज्योति, भौपिं मिरा ज्योति, बिना ज्योति, म्ह्याय्पिं कमला, प्रभा, पूर्णशोभा सपरिवार विहारे भ्मायाः अध्यक्ष श्रद्धेय

धम्मवती गुरुमांयात लल्हाःगु जुल ।

